# स्थानीय राजपत्र

## सिद्धार्थनगर नगरपालिकाद्वारा प्रकाशित

खण्डः १०) सिद्धार्थनगर रुपन्देही, नेपाल, श्रावण १, २०८३ साल

## भाग २

**सिद्धार्थनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सिद्धार्थनगर, रुपन्देही, नेपालको**

**सूचना**

नेपालको संविधान बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको " **सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ लाई (प्रथम संशोधन) गर्न बनेको नियमावली, २०८३"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०८३ सालको नियमावली नं. १**

# सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ लाई (प्रथम संशोधन) गर्न बनेको नियमावली, २०८३

**प्रस्तावनाः** सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ लाई प्रथम संशोधन गर्न वाञ्छनीय भएकाले,

नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, (प्रथम संशोधन) २०८३ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मुल नियमावलीको नियम १३८ को उपनियम १ को प्रतिवन्धात्मक वाक्यमा संशोधनः**

तर नगरपालिकाको आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा ३ वर्षसम्मको लागि भन्ने शब्दको सट्टा **बढीमा ५** वर्षसम्मको लागि भन्ने शब्द थप गर्ने ।

सिद्धार्थनगर नगरपालिका